"दिगो सहकारी विकासका लागि संघ"

# सहकारी बुलेटिन

प्रकाशक: भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि. वर्ष १८ अंक २७ माघ २०८२

## बहु नियामकबाट बहु निर्देशनले सहकारी संस्थाहरू अन्यौलमा




२०८२ माघ १७ गते संघको अर्धवार्षिक समीक्षा कार्यक्रम सम्पन्न भएको छ । संघका अध्यक्ष हरिकृष्ण बल्लले संघको अर्धवार्षिक समीक्षाले संघको कार्य प्रगतिको अवस्थाबारे बोध हुने र कमजोरीलाई सुधार गरेर अगाडि बढ्न सहयोग गर्ने बताए ।

सहकारीमा बहु नियामकबाट जारी बहु निर्देशनले सहकारी संस्थाहरु अन्यौलमा रहेको उनले बताए । नियामकले नियमन तथा निरिक्षण गर्नु स्वाभाविक भएपनि नियमनको नाममा नियोजन गर्ने निर्देशन प्रति संघको आपत्ति रहेको उनले स्पष्ट पारे । सहकारी संस्थाको संचालन गतिविधिलाई ध्यान नै नदिई संघमा रहेको तरलता गणना नहुने, खोलिएका शाखाहरु बन्द गर्नुपर्ने जस्ता जारी निर्देशनले सहकारी संस्थाको संचालन प्रक्रियालाई नै विथोल्ने तथा कमजोर बनाउने उनको भनाइ थियो ।

संघका उपाध्यक्ष जगनाथ प्रजापतिले स्वागत मन्तव्य राख्दै संघले आ.व. २०८२/०८३ को बार्षिक कार्यक्रम तथा बजेटको कार्यान्वयनको समीक्षा गर्न अर्ध वार्षिक समीक्षा कार्यक्रम राखिएको बताए । संघका सचिव कान्छाभक्त घजुले अर्ध वार्षिक समीक्षामा संघले पुष मसान्तसम्मको कार्यक्रम प्रगति प्रस्तुत गरे । उनले संघका सदस्य संस्थालाई निरन्तर शिक्षा तथा तालिम अर्न्तगत संस्थाको संस्थागत, संचालक र कर्मचारीको क्षमता अभिवृद्धि हुने तालिमलाई जोड दिएको बताए । हालसम्म संघमा २०३ सदस्य मध्ये १९५ वटा संस्थाको साधारण सभा भएको र ८ वटा संस्थाको साधारण सभा गर्न बाँकी रहेको बताए । संघले हालसम्म गरेको १२ वटा संस्थाको अनुगमन गरेको उनले उल्लेख गरे ।

संघकी कोषाध्यक्ष कृष्णश्वरी मचामसीले अर्ध वार्षिक समीक्षामा संघको वासलात तीन अर्ब दश करोड पुगेको जानकारी गराइन् । राष्ट्रिय सहकारी नियमन प्राधिकरणको निर्देशन अनुसार संघले कारोबारलाई खुम्चाउनु पर्ने बाध्यात्मक परिस्थिति अनुसार संघले कारोबार घटाउने लक्ष्य राखिएको बताइन् । सोही अनुसार २०८२ पुष मसान्तसम्ममा ३.४१ प्रतिशतले घटाउन सफल भएको उनले बताइन् । उनले हाल ऋण लगानीको वातावरण नहुँदा संघ संस्थामा अत्यधिक तरलता बढेकोले तरलताको व्यवस्थापनमा सकस परेको बताइन् ।

संघका प्रमुख कार्यकारी अधिकृत बालकृष्ण धोजुले सहकारी ऐन २०७४ ले दिएको अधिकारको प्रयोग गर्दै बचत तथा ऋण कारोबार गर्ने सहकारी संघहरुलाई राष्ट्रिय सहकारी नियमन प्राधिकरणमा दर्ता अभिलेखिकरण गर्न पाउनु पर्ने बताए । बचत तथा ऋण सहकारी संघहरुको कारोबारको व्यवस्थापन मापदण्ड ल्याई नियमन गर्नुपर्नेमा निर्मुल गर्ने खालका केही निर्देशनले संघको अस्तित्व माथि नै प्रश्न उठाएको उनको भनाइ थियो । उनले सहकारी ऐन, नियम र निर्देशन अनुसार संघको कारोबारलाई व्यवस्थित गर्दै लगेको तर निर्धक्क कारोबार गर्न पाउने वातावरण बन्न नसकेकोमा चिन्ता व्यक्त गरे ।

संघका लेखा सुपरिवेक्षण समितिका संयोजक दामोदर न्यौपानेले संघको अर्ध वार्षिक प्रगति सन्तोषजनक रहेको बताए । संघको अर्धवार्षिक समीक्षामा समिति र उपसमितिहरुबाट ३४ जना र कर्मचारीहरु ९ जनाको सहभागिता रहेको थियो ।

## क्षमता अभिबृद्धि तालिम




२०८२ माघ २४ गते । भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि. संघको आयोजना र बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि.को प्राविधिक सहयोगमा एक दिने संचालकको क्षमता अभिबृद्धि तालिम होटेल यचु, कमलविनायकमा सम्पन्न भएको छ ।

तालिम समापन कार्यक्रममा संघका अध्यक्ष हरिकृष्ण बल्लले सहकारी नियमानुसार नयाँ संचालक निर्वाचित भएको तीन महिना भित्र संचालकको क्षमता अभिवृद्धि तालिम राख्नु पर्ने व्यवस्था अनुसार तालिमको आयोजना गरिएको बताउनुभयो । उहाँले सहकारी अभियानलाई सुधार गर्न हालको परिस्थितिमा नेतृत्व रुपान्तरणको आवश्यकता रहेको बताउनु भयो । सहकारी संस्थामा संचालकको सुशासनको कमीकमजोरीका कारण अभियान बदनाम भइरहेकोले संचालकहरु सुशासनमा बस्नुको विकल्प नरहेको बताउनु भयो । संचालकको क्षमता अभिबृद्धि तालिमले जिल्लाको सहकारी अभियान सुदृढ बनाउन सहयोग पुऱ्याउने उनको भनाइ थियो ।

बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि.को प्रमुख कार्यक्रम अधिकृत केशव प्रसाद दाहालले सहकारीमा हाल नेतृत्वकै खडेरी परेको विचार व्यक्त गर्नुभयो । तसर्थ भविष्यका लागि उत्तराधिकारी योजना बनाउनु पर्ने विचार राख्नु भयो ।

संघका सचिव कान्छाभक्त घजुले कार्यक्रम संचालन गर्दै तालिम कार्यक्रमले नयाँ ज्ञान हासिल गर्ने अवसर मिलेको बताउनु भयो । सो कार्यक्रममा संघका संचालक समिति, लेखा सुपरिवेक्षण समितिका पदाधिकारी एवम् सदस्यहरु र व्यवस्थापकीय कर्मचारीहरु समेत गरी १५ जनाको सहभागिता रहेको थियो ।

# सम्पादकीय

## दर्ता अभिलेखिकरणमा प्रतिबद्धता

आमजनताको बचत संकलन गर्ने सहकारी संस्थाको दर्ता सहकारी विभाग अर्न्तगत साविक डिभिजन सहकारी कार्यालयबाट भइरहेको थियो । सहकारी संस्थाको तथ्याङ्क आधिकारीक रुपमा सहकारी विभागले प्रकाशित गर्दै आएको थियो । नेपालको संविधान २०७२ जारी भएपछि राज्यको पुर्न संरचना सँगै सहकारीलाई पनि कार्यक्षेत्रका आधारमा स्थानीय, प्रदेश र संघीय तहमा बाँडफाँड गरियो । सहकारी दर्ता, नियमन र खारेजी समेतको अधिकार बाँडफाँड भयो । कार्यक्षेत्रका आधारमा दर्ता रहेका फाइलहरु सम्बन्धित नियामक निकायलाई हस्तान्तरण गरी साविक डिभिजन सहकारी कार्यालय खारेज गरियो ।

पालिकाहरुले हस्तान्तरण भई आएका फाइलका पोकोहरु हालसम्म नखोलिएको खबर आइरहेको छ भने प्रदेश र पालिकाले पनि नयाँ सहकारी संस्था दर्ता गरेको पाइयो । कतिपय निश्क्रिय सहकारीलाई खारेज गरेको पनि समाचार प्राप्त भएको छ । कतिपय सहकारी स्थानीय तथा प्रदेश तहमा सम्पर्कमै नआएको पनि खबर आइरहेको छ । यसरी दर्ता हुने, खारेज हुने र निश्क्रियहुने सहकारीको अद्यावधिक तथ्यांक विहिन हुँदा स्थानीय, प्रदेश र संघीय सहकारीको तथ्याङ्क बारेमा बेखवर छन् । सहकारीमा नियमनको कमजोरी र सहकारी अभियान राजनीतिक अखडाको शिकारले सहकारी ठगहरुले घेरिन पुगेको छ । सहकारी पिडितहरु थपिँदै जाँदा सहि सहकारी पनि समस्यामा परेका छन् । तसर्थ सहकारीको कडा नियमन आवश्यक रहेको ठहर गर्दै राष्ट्रिय सहकारी नियमन प्राधिकरणको गठन भएको छ । बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाहरुको बर्गिकरण सहितको नियमन गर्न ऐनले प्राधिकरणलाई अधिकार दिएको छ ।

राष्ट्रिय सहकारी नियमन प्राधिकरणले सहकारीको बर्गिकरण प्रयोजनका लागि दर्ता अभिलेखिकरण कार्य शुरु गरियो । जस अनुसार दिइएको समयमा करिब तीनहजार सहकारी मात्र दर्ता प्रक्रियामा आए जबकी बागमती प्रदेशमा मात्र ४ हजार ८ सय भन्दा बढी बचत तथा ऋण कारोबार गर्ने संस्था रहेको छ । तसर्थ पुन २०८२ फाल्गुण ११ गतेसम्मको समय अवधि थप गरिएको छ । अनलाइन पोर्टलबाट दर्ता अभिलेखिकरण कार्य शुरु गरिएको सो कार्यमा संघहरुलाई भने समेटिएको छैन ।

पालिकाले नै सूचिकृत गर्न नसकेको सहकारी संस्थाहरु अनलाइन पोर्टलमा दर्ता अभिलेखिकरणमा आउला र भन्ने शंका त छदैंछ, अझ एकै पटक दर्ता अभिलेखिकरणको आहवानले समयमै सबै सहकारी दर्ता अभिलेखिकरणमा आउने सम्भावना न्यून देखिन्छ । बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्था समयमा दर्ता अभिलेखिकरणमा नआएमा दृष्टिबन्धकी रोक्का, करचुक्ता, लेखा परीक्षणमा समस्या हुने, ठगीमा कार्वाही हुने र दर्ता खारेजीसम्मको कार्वाही हुन सक्ने गरी सहकारी नियमन प्राधिकरणले कडा सूचना जारी गऱ्यो । सूचना अनुसार बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्था समयमै दर्ता अभिलेखिकरण गर्नुको विकल्प नरहेको देखिन्छ । दर्ता अभिलेखिकरण कार्यलाई सहज र पहुँच योग्य नबनाए धेरै सहकारी संस्था दर्ता अभिलेखिकरणबाट बाहिर रहने पक्का छ । यसले सहकारीमा अराजकता मौलाउने र समस्या झन थपिने देखिन्छ । तसर्थ संघीय संरचना अनुसार स्थानीय, प्रदेश र जिल्ला संघहरु मार्फत दर्ता अभिलेखिकरणमा सहजीकरण गर्ने कार्य अपरिहार्य छ । सहकारीलाई एकद्वार प्रणालीबाट नियमन गर्न नियमनलाई प्रभावकारी बनाउन प्राधिकरणका कार्यलाई सफल बनाउन सबै पक्ष प्रतिबद्ध हुनुपर्दछ । प्राधिकरणले प्रतिबद्ध बनाउने वातावरण सिर्जना गर्नु पर्दछ ।

# पूँजी पर्याप्तता अनुपात गणना तालिम




मिति २०८२ माघ ६ गते भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.को अन्तर लगानी तथा वित्तीय सेवा प्रवर्द्धन उपसमितिको आयोजनामा पूँजी पर्याप्तता अनुपात (CAR) गणना तालिम केभि लन्च कमलविनायकमा सम्पन्न भयो ।

संघका अध्यक्ष हरिकृष्ण बल्लले संघको कार्य सदस्य संस्थालाई शिक्षा तथा तालिम उपलब्ध गराउने, बहस र अन्तर लगानी रहेको बताउनु भयो । उहाँले राष्ट्रिय सहकारी नियमन प्राधिकरणले जारी मापदण्ड बैंक वित्तीय संस्थाको प्रभावमा परेको बताउनु भयो । सहकारीको मर्म भन्दा पनि नितान्त बैंक वित्तीय संस्था सरहको प्रतिवेदन तथा विवरण पेश गर्नुपर्ने व्यवस्थाले मापदण्ड परिपालनामा चुनौती थपेको बताउनुभयो । जारी मापदण्डको परिपालना गर्न प्राविधिक पक्षहरुको ज्ञान हुन आवश्यक रहेको बताउँदै तालिमले सहकारी संस्थाहरुको जोखिम मुल्याँकन र न्यूनिकरणमा टेवा पुग्ने उहाँको भनाई थियो । उहाँले सिकेको कुरा व्यवहारमा उतार्न अनुरोध समेत गर्नुभयो ।

संघका कोषाध्यक्ष एवम् अन्तरलगानी तथा वित्तीय सेवा प्रवर्द्धन उपसमितिका संयोजक कृष्णश्वरी मचामसीले तालिमले संघको महत्वलाई थप पुष्टि गरेको बताए । उहाँले संघहरु भएर नै नियमनकारी निकायले जारी गर्ने विभिन्न निर्देशन तथा मापदण्डका प्राविधिक पक्षबारे प्रारम्भिक संस्थाहरुलाई समयमै जानकारी एवं प्रशिक्षण दिन सकेको जिकिर गर्नुभयो । तसर्थ संघहरुको सम्बर्द्धन र प्रवर्द्धन गर्नुपर्ने राज्यको पनि दायित्व हो भन्नुभयो ।

संघका प्रमुख कार्यकारी अधिकृत बालकृष्ण धोजुले राष्ट्रिय सहकारी नियमन प्राधिकरणले जारी मापदण्डका प्राविधिक पक्ष पूँजी पर्याप्तता अनुपात गणना गर्न सकोस् भन्ने उद्देश्यले तालिमको आयोजना गरेको बताए । उहाँले बचत तथा ऋण सहकारी संस्थाले मात्र अवधिका आधारमा २७ वटा विवरण तथा प्रतिवेदनहरु सम्बन्धित निकायमा बुझाउनु पर्ने व्यवस्था भएपनि सम्बन्धित निकायले सो प्रतिवेदनका विषयमा कुनै चासो नराखेकोले प्रभावकारी हुन नसकेको बताउनु भयो । उहाँले एकद्वार नीतिबाट मापदण्ड जारी तथा प्रतिवेदन एवं विवरण बुझ्ने व्यवस्था गर्न सके मात्र सहज र प्रभावकारी हुने भनाई राख्नुभयो ।

तालिमका प्रशिक्षक नवराज घोरसाइनेले सहजीकरण गर्दै वित्तीय विवरणहरुको विश्लेषण गर्ने तरिकाहरु सिकाउनु भयो । उहाँले पूँजी पर्याप्तता नभएमा लाभांश वितरण गर्न नपाउने भन्दै यसलाई वेवास्ता गर्न नहुने बताउनु भयो । यदि पूँजी पर्याप्तता अनुपात कायम नभएमा सदस्यसँग पूँजी उठाउने साथै विभिन्न कोषमा रहेको रकम आर्थिक वर्ष सकेपछि जगेडा कोषमा सार्नु पर्ने कुरा बताउनु भयो ।

अन्तर लगानी तथा वित्तिय सेवा प्रवर्द्धन उपसमितिको सदस्य योगेन्द्र खर्बुजाले धन्यवाद मन्तव्य राख्दै तालिमको सार्थकता व्यवहारमा लागु भए पछि मात्र हुने बताउनु भयो । संघका अन्तर लगानी तथा वित्तीय सेवा प्रवर्द्धन उपसमितिको सदस्य अनिलकुमार सुवालले तालिम समापन कार्यक्रम संचालन गर्नु भएको थियो । उक्त तालिममा सदस्य संस्थाहरु मध्येबाट ४० जना व्यवस्थापक एवं बरिष्ठ कर्मचारीहरुको उपस्थिति रहेको थियो

## संघको २१ औ बार्षिक साधारण सभा सम्पन्न




२०८२ कार्तिक २९ गते, संघको २१ औ बार्षिक साधारण सभा भक्तपुर बैंक्वेट भक्तपुरमा सम्पन्न भयो । सभाको प्रारम्भमा नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. का अध्यक्ष चन्द्र प्रसाद ढकालले वर्तमान अवस्थामा सहकारी संघ संस्थाको अवसर र चुनौती विषयमा सहकारी शिक्षाप्रदान गर्नुभयो । वहाँले सहकारी संघ संस्थाहरुले सुशासन कायम गरेमा सहकारीका धेरै समस्याहरु समाधान हुने बताउनु भयो । वहाँले प्रारम्भिक बचत तथा ऋण सहकारी संस्थाले कारोबार गर्न बचत तथा ऋण सहकारी संघ आवश्यकता रहेको स्पष्ट पार्नुभयो । बचत तथा ऋण सहकारीमा शुद्धिकरण आवश्यक रहेको तर कारोबार नै गर्न नदिने नियन्त्रण गर्न नमिल्ने उहाँको भनाई थियो ।

संघका अध्यक्ष कृष्णगोविन्द लाखाजुको अध्यक्षतामा साधारण सभा सम्पन्न भएको थियो । वहाँले सहकारीको विकल्प सहकारी नै हो, कुनै बैङ्क तथा वित्तीय संस्था हुन सक्दैन भन्नु भयो । वहाँले समुदाय केन्द्रीत र सहकारी मूल्य मान्यता र सिद्धान्त बमोजिम सञ्चालित सहकारी सङ्घ संस्थाहरुमा परिस्थिति वश केहि समस्या भएता पनि जटिल समस्या नरहेको बताउनु भयो । वहाँले विषम परिस्थितिमा सदस्य तथा समाजमा सेवा पुऱ्याइरहेका सहकारी सङ्घ संस्थाहरुलाई संकुचनमा ल्याउन र जिल्ला बचत सङ्घ लगायत सहकारी सङ्घहरुलाई आफ्नो सदस्य संस्थाहरु बीचको वित्तीय कारोवारलाई रोक लगाउने खालका मापदण्ड र निर्देशनहरु जारी भएकोमा विरोध जनाउँदै आएको कुरा बताउनु भयो ।

संघका संस्थापक अध्यक्ष राजेन्द्र दुमरुले संघ स्थापनाको चर्चा गर्दै संघ स्थापनाको मर्म बमोजिम संघले कार्य गर्दै आएकोमा खुशी व्यक्तगर्नु भयो । संघका उपाध्यक्ष हरिकृष्ण बल्लले स्वागत मन्तव्य राख्दै नियमनकारी निकायको बहु निर्देशनको चपेटामा सहकारी संघ संस्थाहरु रहेको बताउनु भयो ।

संघका सचिव जगनाथ प्रजापतिले बार्षिक प्रगति प्रतिवेदन पेश गर्दै लामो समयदेखि स्वायत्तता र स्वनियमनको नाममा एकलौटी व्यवसायझैं सञ्चालन गरिरहेका सहकारीका सञ्चालकहरूले जनताको निक्षेप फिर्ता नदिई भाग्ने प्रवृति अझै रोक्न नसकेकोमा चिन्ता व्यक्त गर्नु भयो । वहाँले सहकारी अभियानमा देखापरेका विकृति र विसंगति रोक्न आफैवाट सुरु गर्नुपर्ने आवश्यकता औल्याउनु भयो । वहाँले जनताको पैसा निक्षेप फिर्ता नदिई भाग्ने सञ्चालक तथा कर्मचारीहरुलाई कुनै पनि राजनैतिक दवाव र प्रभावमा नपारी हदैसम्मको कार्वाही गर्नु पर्ने विचार राख्नु भयो । वहाँले पेश गरेका आ.व.२०८१/०८२ को वार्षिक प्रगति प्रतिवेदन र आ.व. २०८२/०८३ मा रु. २८ लाखको प्रस्तावित कार्यक्रमहरु साधारण सभाले पारित गरेको थियो ।

संघका कोषाध्यक्ष कान्छा भक्त घ:जुले आर्थिक प्रगति प्रतिवेदन पेश गर्दै बचत तथा ऋण सहकारीमा बचत तथा ऋणको सन्तुलन कायम गर्न चुनौती बढेको बताउनु भयो । वहाँले सहकारी संघ संस्थामा तरलता बढ्दै गएको तर ऋण मागको कमिका कारण ऋण लगानी घट्दै जाने अवस्थाले सहकारी संचालनमा सकस थप्दै गएको बताउनु भयो । वहाँले

बाँकी पेज नं.७ मा

## नेतृत्व पूर्वको सक्षमता परीक्षण तालिम




२०८२ माघ ३ गते, संघको तालिम व्यवस्थापन उपसमितिद्वारा आयोजित नेतृत्व पूर्वको सक्षमता परीक्षण तालिम रोयल थाई हस्पिटालिटी प्रा.लि., राधेराधे, भक्तपुरमा सम्पन्न भयो ।

तालिमको समापन कार्यक्रममा संघका अध्यक्ष हरिकृष्ण बल्लले सहकारी ऐन नियम र निर्देशनका कारण सहकारीमा नेतृत्वको संकट हुने अवस्थामा पनि समुदायमा आधारित सहकारी संस्थाका संचालकहरु नेतृत्व पूर्वको सक्षमता परिक्षण तालिममा उत्साह पूर्वक सहभागिता जनाएको बताउनु भयो । सहकारीमा योग्य र उपयुक्त नेतृत्वको चयनले सहकारी संस्थामा विकृति आउन नदिने उहाँको भनाइ थियो । वहाँले व्यक्तिगत स्वार्थले खोलेका संस्थाहरुमा विकृति विसंगति, समस्या आएको कुरा बताउनु भयो । समुदायमा आधारित सहकारी संस्था प्रति सदस्यहरुको विश्वास भएर नै त्यस्ता संस्थामा तरलता बढी रहेको उहाँको भनाइ थियो । वहाँले संस्थामा आवद्ध सदस्य संस्थाहरुको संबर्द्धन र प्रवर्द्धन गर्दै संस्थाको दिगो विकास गर्नु नै संघको ध्येय रहेको बताउनु भयो ।

संघका संचालक एवम् तालिम व्यवस्थापन उपसमितिका संयोजक राजकुमार लघुले तालिमले व्यक्तिलाई थप परिपक्व बनाउने र यसले सदस्यहरुको सेवा गर्ने कार्यमा टेवा मिल्ने बताउनु भयो । साथै तालिममा सिकेका विषयहरुको बारेमा संस्थामा छलफल गरी व्यवहारमा उतार्न पनि अनुरोध गर्नुभयो ।

बागमती प्रदेश बचत तथा ऋण सहकारी संघ लि.का प्रमुख कार्यकारी अधिकृत केशव प्रसाद दाहालले प्रशिक्षण गर्नुहुदैं सहकारीमा असल अभ्यासलाई लागु गर्दै जानु पर्ने आवश्यकता औल्याउनु भयो । सरकारले ऐन कानुनमा ल्याउँछ अनि प्रयोगमा ल्याउँछु भनेर बस्ने प्रवृत्तिले विकृतिलाई प्रष्यदिने भएकोले राम्रो कुराको अनुशरण जति सक्दो चाँडो गर्नुपर्ने वहाँको भनाइ थियो ।

संघका प्रमुख कार्यकारी अधिकृत बालकृष्ण धोजूले सहकारी संस्थामा नेतृत्वपूर्व नै सक्षमता परीक्षण (Fit & Proper Test) संस्थाको निर्वाचन निर्देशिकामा उल्लेख गरि निर्वाचनको बेलामा

बाँकी पेज नं.७ मा

## संघमा प्राप्त १९४ सदस्य संस्थाहरूको आ.व. २०८१/०८२ असार मसान्तसम्मको स्थिति विवरण र सदस्य तथा कर्मचारी विवरण

### चाँगुनारायण नगरपालिका

(रू. हजारमा)

| क्र.सं. | संस्थाको नाम | शेयर पुंजी | जगेडा/अन्य कोष | निक्षेप | बाह्य ऋण | भुक्तानी दिनुपर्ने | कुल पुंजीदायि | नगद/बैंक मौज्दात | स्थिर सम्पत्ती | ऋण लगानी | शेयर/बचत | पाउनुपर्ने हिसाब | कुल सम्पति | सदस्य संख्या | कर्मचारी संख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | श्रीयूवा | ९८१४९ | ९९९२९ | १३५९७१४ | ११२५ | २७६४४ | १५८६५६१ | २४६५०६ | १७४५९ | १३१७९५२ | १८९१ | २७५४ | १५८६५६१ | ६४८३ | २० |
| २ | नालाछाप प्रगतिशील | १००२३ | ७८५६ | १०१९६६ | | ११५४ | १२०९९९ | ३१६०७ | १७४६ | ८४७५६ | १७९५ | १०९६ | १२०९९९ | १९९१ | ५ |
| ३ | सयपत्री | २०४१० | ५७८६० | १८१६९२ | ५०० | २२२७ | २६२६८८ | २८९५८ | १०८५२ | २२००६८ | ७०३ | २१०७ | २६२६८८ | २६८४ | ३ |
| ४ | देवी महिला | ४३७० | ७२०० | ४८१३४ | | १३३४ | ६१०३८ | १३७२८ | ६०३९ | ३८२३८ | १९२६ | ११०७ | ६१०३८ | ५५८ | १ |
| ५ | शूभलाभ | १७२४१ | १८३१७ | १४२०५५ | | ५०६३ | १८२६७५ | ७३०२३ | ८१७६ | ९७६९५ | ३१० | ३४७१ | १८२६७५ | १६१८ | ६ |
| ६ | सहयात्री | २४१४६ | २२७१२ | ९२३२१ | | ९२३ | १४०१०३ | ३५३९८ | २१८ | १०३०१४ | ५१० | ९६३ | १४०१०३ | २६६२ | ५ |
| ७ | ताथली | १०८०४ | ९२१८ | ११२९७८ | | ५३४ | १३३५३४ | ३६३८८ | ६७४७ | ८९३२१ | १६९ | ९०९ | १३३५३४ | १६५५ | ६ |
| ८ | झझल्को | ३४५४८ | ३६९९६ | ३८९०१७ | | १९०५५ | ४७९६१५ | ७३३४६ | ९५४ | ३८६२९६ | ५७३ | १८४४६ | ४७९६१५ | ३८२१ | ११ |
| ९ | नौलो | ५७५८ | ११४५ | ४७७७८ | | ८० | ५४७६१ | ९६५१ | ३९०२ | ३२७८८ | ३१८५ | ५२३५ | ५४७६१ | ७२४ | ३ |
| १० | अग्रज महिला | १००१७ | ९३४९ | १०९७७७ | ६९४३ | २५४८ | १३८६३३ | २३००५ | १३०६२ | ९९८९० | २५३९ | १३८ | १३८६३३ | २४०५ | ३ |
| ११ | मनोहरा | १८२४४ | १५६११ | २०१२८९ | | ७८८ | २३५९३२ | ४७३६९ | १३२२८ | १७४६९५ | १४२ | ४९९ | २३५९३२ | ७८७ | ४ |
| १२ | गीतानगर | १५२५ | ४९० | २९१८५ | | १२४७ | ३२४४७ | ४३६३ | १२० | २७७५३ | १५९ | ५२ | ३२४४७ | ३३६ | ४ |
| १३ | पर्वत | १०२९१ | ६५७ | ४३८३३ | ९४०१ | १९५५ | ६६१३६ | ५१९४ | ११८१ | ४९२३६ | | १०५२५ | ६६१३६ | १७९६ | ९ |
| १४ | छिन्नमस्ता महिला | १९६४१ | २१११८ | १६०२०८ | | ११५४३ | २१२५१० | ५७२९७ | २४२४ | १४४५१६ | ३७८० | ४४९२ | २१२५१० | १५११ | १० |
| १५ | छालिङ | ५४१५ | २९७२ | ४५०२० | | १८०५ | ५५२१२ | ३६६४ | ५३०८ | ४२२५१ | ३६८० | ३०९ | ५५२१२ | ५०४ | १ |
| १६ | मुहान गणेश | १००६५ | १६५६ | ७२७८८ | ११५०० | ३८६५ | ९९८७४ | १३०२२ | ६७६९ | ७६५२२ | २५९ | ३३०२ | ९९८७४ | १५५८ | ६ |
| १७ | बिन्धवासीनी | १४८०६ | १७११३ | ५६९४२ | ५००० | २९९७ | ९६८५८ | ७०८९ | १२६० | ८५०१६ | १०२२ | २४७१ | ९६८५८ | १०३० | २ |
| १८ | देवीस्थान महिला | ४४४६ | ५६९० | ५६५५५ | २४४७ | ५८९ | ६९७२७ | ८१७५ | १५३ | ६११८५ | ९४ | १२० | ६९७२७ | ११३६ | २ |
| | जम्मा | ३१९८९९ | ३३५८८७ | ३२५१२५३ | ३६९१६ | ८५३४८ | ४०२९३०३ | ७१७७८२ | ९९५९७ | ३१३११९० | २२७३६ | ५७९९८ | ४०२९३०३ | ३३२५९ | १०१ |

### भक्तपुर नगरपालिका

| क्र.सं. | संस्थाको नाम | शेयर पुंजी | जगेडा/अन्य कोष | निक्षेप | बाह्य ऋण | भुक्तानी दिनुपर्ने | कुल पुंजीदायि | नगद/बैंक मौज्दात | स्थिर सम्पत्ती | ऋण लगानी | शेयर/बचत | पाउनुपर्ने हिसाब | कुल सम्पति | सदस्य संख्या | कर्मचारी संख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | सिद्धि गणेश | २६२५४५ | ३१५९८९ | २६४२०५६ | | ४२५५२ | ३२६३१४३ | १४१९६१६ | २०७७८ | १७८२६६२ | २४१८ | ३७६६८ | ३२६३१४३ | १७२८८ | ३६ |
| २ | भक्तपूर | १६५१८९ | ३३५०९० | ३७३६१९५ | | ७७०८० | ४३१३५५३ | १२५२३९७ | ७३५२० | २९३४६४५ | ११७३ | ५१८१८ | ४३१३५५३ | ८८८४ | २३ |
| ३ | मित्र | ६५०३ | ३३४८ | ९२१२० | | १८८९ | १०३८६१ | ५८३५८ | १६९ | ४३६४९ | ६७५ | १०१० | १०३८६१ | ४२६ | ३ |
| ४ | श्रीबाराही | ७८३०२ | ९४०१३ | ८२२७२६ | | २०६४९ | १०१५६९० | ४९३३७१ | ३८३०० | ४५७५२४ | ७२४६ | १९२४९ | १०१५६९० | ५८५४ | १६ |
| ५ | नारीकल्याण | १२८२७ | ९८१४ | ७६९७१ | २१३९ | ३९८१ | १०५७३२ | २४९६२ | ५२२७ | ६८०३१ | ३५२४ | ३९८८ | १०५७३२ | १६४८ | ५ |
| ६ | श्रमजीवि | ४६३३५ | ८४७१७ | ६८०७८७ | | २४११ | ८१४२५० | २४२५५४ | १८१४२ | ५३९९६५ | १३९२ | १२१९७ | ८१४२५० | ३९३६ | ९ |
| ७ | सामूहिक | ६१९६७ | ६७८७४ | ५६८४८४ | | ३१२८० | ७२९६०६ | ७५२२७ | १९९४० | ५३०८९९ | ८८७३१ | १४८०९ | ७२९६०६ | ६७३७ | १९ |
| ८ | भिन्तूना | ३७३४१ | ४६८५९ | ४२५१५७ | | १११६१ | ५२०५१८ | १९१६९२ | ३७५९ | ३१७९७१ | २४८९ | ४६०७ | ५२०५१८ | २४९६ | ११ |
| ९ | नारीसेवा | १०३७० | ९०१२ | ७५९७० | १५०० | ५०९ | ९७३६१ | २१४५९ | १६८४० | ५००७६ | ३८०४ | ५१८१ | ९७३६१ | १७७२ | ३ |
| १० | समदर्शी | २७६४२ | २३५८७ | २७२०३९ | | १६७३ | ३२४९४० | ११८१२३ | १३८३३ | १६८०२५ | २२१७९ | २७७९ | ३२४९४० | २९२२ | ८ |
| ११ | भक्तपूर महिला | ८८४८ | ९०१३ | ७०५०२ | | ४५३८ | ९२९०१ | २१३८६ | १३३ | ६०८६२ | १८१८ | ८७०२ | ९२९०१ | ७४० | ३ |
| १२ | समाजसूधार | ४२६० | ४६६४ | ३०५४० | | ८६७ | ४०३३१ | ७५९२ | ८२ | २१३५२ | १०३०१ | १००४ | ४०३३१ | १४०० | ३ |
| १३ | संगम | ४५६०२ | ६८०४९ | ६३६७२२ | | ८१९० | ७५८५६२ | ८२९५६ | ६८२२४ | ४८८४८४ | ११०३२२ | ८५७६ | ७५८५६२ | ३९९३ | १३ |
| १४ | थालाछें | ८१८९ | ७४५९ | ९६३४९ | | २५५५ | ११४५५१ | ६३०१ | २३१ | ७०१८८ | ११८६ | ३६६४५ | ११४५५१ | १०४४ | ४ |
| १५ | भद्रकाली | ६५५२ | २७०६ | ४०६१९ | ४४०० | ४६७२ | ५८९४८ | २२९३ | ४६७ | ५४२७५ | | १९१४ | ५८९४८ | ५४२ | ७ |
| १६ | आस्था | १००४२ | ८७८ | ३८८४७ | | ११७१ | ५०९३८ | ४७११ | ८०९ | ४२५१५ | १४३४ | १४६९ | ५०९३८ | ११०४ | ४ |
| १७ | लसकूस | ५४२४ | ३७६३ | २७३३५ | | १०९० | ३७६१२ | १३२८० | ७१ | १९३९४ | ४५९२ | २७४ | ३७६११ | ७६० | २ |
| १८ | चण्डेश्वरी | १२३५३ | २११५ | ११६४१९ | | ४००९ | १३४८९६ | २४३२५ | ३१८१८ | ७५१९२ | ४०५ | ३१५५ | १३४८९६ | १६४३ | ७ |
| १९ | सहलह | ९०११ | ५४९३ | ११३३९८ | | ६३७९ | १३४२८२ | ५७७६६ | २९८ | ५९९०० | १५३५५ | ९६३ | १३४२८२ | १००४ | ३ |
| २० | लोकेश्वर | २२८५६ | २३१४४ | २१५६२९ | | ७५५३ | २६९१८२ | ६३१२६ | २५८३ | १९८२६३ | ३५९३ | १६१७ | २६९१८२ | २३७८ | ६ |
| २१ | ख्वप | १५६३९ | ६८३२ | १८३८८६ | | ९५८ | २०७३१५ | २४८८१ | ६२२२ | १५३२६२ | २१४१३ | १५३७ | २०७३१५ | १९०७ | ६ |
| २२ | भक्तपूर श्रमिक | १५९१९ | २०५९४ | १२९५०३ | | १९४५ | १६७९६० | ३३६३९ | ७७ | १२०७०२ | १३३५२ | १८९ | १६७९६० | ४९२ | ३ |
| २३ | तलेजू | ९९५० | ५४५९ | ८६७८१ | | ३४४५ | १०५६३५ | १९८२८ | १६५१ | ५१११० | ३०८१३ | २२३३ | १०५६३५ | ९७१ | ४ |
| २४ | महेश्वरी | १७७४८ | ७२६६ | १२४३३९ | | ९२२० | १५८५७३ | ६६१२१ | ४४१ | ८९३६८ | ६१५ | २०२७ | १५८५७३ | १३०२ | ५ |
| २५ | झीगू ख्वप | १२०९६ | १२२१३ | १४१०९८ | | ११५६४ | १७६९७२ | ३५३९३ | ३२९९ | १२८३३९ | ५७९८ | ४१४३ | १७६९७२ | १८१९ | ५ |
| २६ | त्रिपूराशिप विकास | ६६११ | -३४९९ | ४०५१ | | २४० | ७४०३ | २१३९ | २६०८ | २४९४ | १४१ | २१ | ७४०३ | २५० | ५ |
| २७ | बेखाल | ५१३३ | ५३८३ | ९०१४४ | | १२११ | १०१८७१ | ३८२०७ | ३७९ | ४१५४५ | २०६५२ | १०८९ | १०१८७१ | ८५१ | ४ |
| २८ | नवयूग | ११५०० | ९९१८ | ६८५३५ | १२५७० | २८९९ | १०५४२२ | १९५१७ | १३४ | ७९०९८ | ३१५ | ६३५८ | १०५४२२ | १३८७ | ६ |
| २९ | नित्यनाथ | १३७५४ | १८१०६ | १२१४९४ | | ९६८६ | १६३०४० | २८३२१ | ८९६९ | ११६७७५ | ७१५१ | १८२४ | १६३०४० | १३४६ | ५ |
| ३० | स्वर्णद्धार | २१०३९ | २५३१४ | २४७१४८ | | २८२५ | २९६३२६ | ४०५४८ | १०३ | २३५०२६ | २०४५५ | १९५ | २९६३२६ | ९१८ | ४ |
| ३१ | लक्ष्मी | ९५५१४ | ४९४०७ | ८६७२६४ | | ५२६९८ | १०६४८८३ | २१४२८५ | ३८५३१ | ७९७३७८ | १५५६ | १३१३२ | १०६४८८३ | १२६४ | १० |
| ३२ | गूरुगणेश | १४८४४ | १०७८९ | ८९३४९ | | २४२९ | ११७४१२ | २३८३६ | २०६ | ८१२०७ | १०४४६ | १७१६ | ११७४१२ | १२२३ | ६ |
| ३३ | सप्ततारा | ९८६८ | ६८३९ | ६८२०१ | | २२५३ | ८७१६१ | ९१३२ | १५९ | ३७६४३ | ३८८४८ | १३७८ | ८७१६१ | १६७५ | ५ |
| ३४ | भाषासेवी | २७२६९ | २३३४७ | ३१२२५७ | | १००३७ | ३७२९१० | ९२५०६ | ३०७९ | २४९१८५ | २७२११ | ९२८ | ३७२९१० | २९६३ | १२ |
| ३५ | पल्पसा | ६५१६ | ५७६२ | ३६९०४ | | २३६८ | ५१५५० | १४९३२ | १७१ | ३५५०१ | १९३ | ७५२ | ५१५५० | ६०३ | ३ |
| ३६ | चोछें छूमा | १९११५ | २०९९१ | १८९८०४ | | १८०१० | २४७९२१ | ४८५८७ | ४०२६ | १९४३२२ | ५५७ | ४२९ | २४७९२१ | १९४५ | ६ |
| ३७ | इन्द्रायणी | ३९३३९ | ५४३०५ | २७११८१ | | ३७१९ | ३६८५४४ | ७७९४६ | २६५५३ | २४३८२२ | १५४६४ | ४७६० | ३६८५४४ | २४२४ | ५ |
| ३८ | उत्तरार्द्ध जीवन | ३३०९ | १२०६ | २१३४७ | | २१३ | २६०७६ | ९८०६ | ५१ | १३९४९ | १०७ | २१६२ | २६०७६ | ३४४ | ३ |
| ३९ | श्वेत भैरव साकोस | २४९३६ | ३३५६३ | २०१९५७ | | १४४३२ | २७४८८७ | ४६७३३ | ६६५ | २२१३८४ | १००१ | ५१०५ | २७४८८७ | २२१५ | ५ |
| ४० | नवल | ९९४८ | ९३७० | १२७८७० | | ६४०२ | १५३५९१ | ३२४४१ | १५७ | ७४३९८ | ४०६३९ | ५९५५ | १५३५९१ | ९२० | ६ |
| ४१ | हित | १४७२८ | २५५८ | ८४६६४ | | ६१८२ | १०८१३१ | ४३४४७ | ९४६४ | ५१९२३ | ३६२ | २९३५ | १०८१३१ | १७४१ | ५ |
| ४२ | समय | २६६१५ | ३३९३५ | २३४६२९ | | ५५५२ | ३००७३१ | ११३८२० | १०९४६ | १७४३९५ | ७४९ | ८२० | ३००७३१ | २३५४ | ७ |
| ४३ | उदय | ३१०१७ | ६७८४३ | ३८८०७८ | | ४०२४ | ४९०९६२ | ९९८६६ | १३८५९ | ३४७३४२ | १५१४७ | १४७४७ | ४९०९६२ | २६६८ | १० |
| ४४ | मण्डपगिरी | ३८३७ | | २०३२७ | | १२९८ | २५४६१ | ९४६५ | १२९ | १४७५१ | २१५ | ९०० | २५४६१ | २८३ | २ |
| ४५ | संचीत | ३०२०३ | ३३२५९ | ५६१७९७ | १६७२७ | ९३९४४ | ७३५९३० | १२३३३८ | २५७२० | ४८१८६६ | १५१३ | १०३४९३ | ७३५९३० | ३७५१ | १६ |
| ४६ | अनमोल | ५२१७३ | ३०८३१ | १३७४३२८ | | ६२२४२ | १५१९५७४ | २२५७४७ | ५६७७९ | १२०२७८६ | | ३४२६२ | १५१९५७४ | ६५६१ | १६ |
| ४७ | जयभिमसेन | ८६४५ | ४३६२ | ७६४९२ | | ३१७५ | ९२६७४ | २०११२ | २९४ | ५२३०८ | १७९०६ | २०५४ | ९२६७४ | ८३७ | ४ |

# संघमा प्राप्त १९४ सदस्य संस्थाहरूको आ.व. २०८१/०८२ असार मसान्तसम्मको स्थिति विवरण र सदस्य तथा कर्मचारी विवरण

(रू. हजारमा)

| क्र.सं. | संस्थाको नाम | शेयर पुंजी | जगेडा/अन्य कोष | निक्षेप | बाह्य ऋण | भुक्तानी दिनुपर्ने | कुल पुंजी/दायि | नगद/बैंक मौज्दात | स्थिर सम्पत्ती | ऋण लगानी | शेयर/बचत | पाउनुपर्ने हिसाब | कुल सम्पति | सदस्य संख्या | कर्मचारी संख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४८ | छुमा गणेश | ११५४४ | १२८७० | ८८१५५ | | २०७६ | ११४६४५ | ३१४८२ | ११० | ८२१४१ | २८२ | ६३० | ११४६४५ | १०९३ | ५ |
| ४९ | विश्वकर्मा | ७२१७ | ४२७५ | ६०७७० | | २३८७ | ७४६४८ | ११०८७ | १३५ | ५७८०२ | ५४१६ | २०८ | ७४६४८ | ६३९ | ६ |
| ५० | समभदारी | ७४९८ | ५९२४ | ६४८२२ | | ९२८ | ७९१७१ | ३९५९६ | २३३ | ३८६८७ | ३२९ | ३२६ | ७९१७१ | ८८९ | ३ |
| ५१ | जय सन्तोषी मां | ११०१६ | ७४९३ | २०१४१५ | ७५० | १८७३० | २३९४०५ | १९१३३ | १५३७ | २१३६५० | १२१ | ४९६५ | २३९४०५ | २७५४ | १० |
| ५२ | भक्तपूर उद्यमी | ३०३८७ | २१९६२ | ३७३३५८ | | २०५८५ | ४४६२९१ | १०७३१० | ६९५ | ३३५६९१ | १९२ | २४०३ | ४४६२९१ | ८१० | ५ |
| ५३ | त्रिनेत्र | ३३३३० | ५२९५९ | १२४२३९ | | १५५४४ | २२६०७२ | ४०५६५ | ४१३ | १७५६९२ | ७०३ | ८६९९ | २२६०७२ | ५१२ | ५ |
| ५४ | चाख | ८१२८ | १२९९८ | १३५४८६ | | ४६३५ | १६१२४७ | ४३९८८ | ६७६९ | १०८६५१ | १०२५ | ८१३ | १६१२४७ | ४३८ | २ |
| ५५ | बालाखू गणेश | ३१२२६ | ४४६०८ | ३३०००६ | | २३३०५ | ४२९१४५ | ११३४४३ | १२६१७ | २८६६९४ | ५३२ | १५८५९ | ४२९१४५ | २६३८ | ८ |
| ५६ | पुजा | ७२१३ | १२२६८ | ६२३४८ | | ९०७३ | ९०९०२ | १८८४४ | ६१५ | ६१९५३ | ३३५ | ९१५५ | ९०९०२ | १२२३ | ५ |
| ५७ | प्रारम्भ | ४२६४ | १३२४ | ४२५३५ | | १६७५ | ४९७९७ | १३९३९ | २५३ | ३२२३५ | ३१८७ | १८२ | ४९७९७ | ४४९ | ५ |
| ५८ | सम्पदा | ३४२४ | ३७४९ | २७२७३ | | १६४१ | ३६०८६ | १००८६ | १९ | २२२२७ | ३०३६ | ७१८ | ३६०८६ | ३२४ | २ |
| ५९ | स्वर्णिम | ३१८० | ४०३ | १०३०८ | | २२३० | १६१२१ | ८७६ | ८२ | १२४१४ | २८७ | २४६२ | १६१२१ | ३११ | २ |
| ६० | कल्याण | ६३१६ | १५५७ | १०६६३ | ४४७५ | ४६७४ | २७६८५ | १५१२ | २५४ | २०७०४ | ४६१ | ४७५३ | २७६८५ | ८७७ | २ |
| ६१ | लाकूलूध्वाका | १२१२४ | १००६० | १७९५८४ | | १५८९५ | २१७६६४ | ३२९३६ | १२२० | १७८९४० | ५१५ | ४०५३ | २१७६६४ | ११४१ | ९ |
| ६२ | सूकून्दा | २३८१४ | १३४७६ | ३०२९८४ | | १८३१६ | ३५८५९१ | ९६९९५ | ४३२४ | २५१३७५ | २६२ | ५६३४ | ३५८५९१ | २०६५ | ९ |
| ६३ | हाम्रो अरनिको | १९५८ | १३५४ | २९२४१ | | ३४२८ | ३५९८१ | १०३०० | २७ | २२७३२ | ८६ | २८३७ | ३५९८१ | ४१९ | ३ |
| ६४ | श्री उच्च महिला | २७६९ | ८७१ | १११३९ | | ३०६६ | १७८४५ | ३५०० | ३९ | १२११४ | २४९ | १९४३ | १७८४५ | ४६२ | ५ |
| ६५ | जनस्मृति | १०२७२ | ८३९ | ६०२५८ | | २६१४ | ७३९८३ | १८५२२ | ३६५ | ५२१८५ | ९०५ | २००७ | ७३९८३ | १३८४ | ८ |
| ६६ | शरद | १०२११ | ३६६१ | ५१४६९ | | ४१६० | ६९५०१ | २३७२१ | ७८ | ४२६८३ | १२७ | २८९२ | ६९५०१ | ८२२ | ४ |
| ६७ | कमलविनायक | ९०७५ | १२४२ | ९०२६१ | | १३३१९ | ११३८९७ | ३०१६० | ३०५ | ७५६९९ | २४७ | ७४८६ | ११३८९७ | १२०४ | ६ |
| ६८ | नपूखू | ४५६०० | १६६५७ | ३३०६३५ | | ३००९ | ३९५९०२ | ११६९५२ | २६८ | २७५९५४ | १३१ | २५९८ | ३९५९०२ | ५८६ | ८ |
| ६९ | सूविधा | २९३० | १५३३ | २०७९५ | | ४५१७ | २९७७६ | ४३९७ | ६३ | २१६७३ | २३२ | ३४१० | २९७७६ | ७०९ | ४ |
| ७० | धनञ्जय | १५५४४ | ३८९८ | ९८००१ | | ५५२८ | १२२९७२ | ३३६४० | १७३ | ८८९२७ | १६३ | ६९ | १२२९७२ | ५०४ | ७ |
| ७१ | अभियान | ११९८० | २३८३ | ११९६०८ | ९५१५ | २०८२१ | १६४३०७ | ११५८९ | ४०७ | १३८६०१ | २८६ | १३४२४ | १६४३०७ | १६९७ | ८ |
| ७२ | केदारनाथ | ३४०५४ | २३७४२ | ४०६३५६ | | ६०४६७ | ५२४६२० | १३८६४० | २०६१ | ३५६६५१ | ३९५ | २६८७३ | ५२४६२० | ३१०८ | १२ |
| ७३ | सगून | ४८६७ | १६२२ | २२४३० | ९१९६ | ३०१९ | ४११३३ | ३६४२ | ६५ | ३७१०९ | २१५ | १०२ | ४११३३ | ३४२ | २ |
| ७४ | याकती अजिमा | ५४१५ | ३१८६ | ४४१३१ | | १७४६ | ५४४७७ | १६७७९ | ८५ | ३६६३० | ३९५ | ५८९ | ५४४७७ | ६२० | ३ |
| ७५ | आरती | १४०५ | ३२९ | ८३५६ | | २९३ | १०३८३ | ४५५२ | ६० | ५०८८ | १५५ | ५२९ | १०३८३ | २७६ | २ |
| ७६ | इताछें विनायक | ८४८५ | ३५०९ | ५७२४१ | | ६८७ | ६९९२२ | १३००८ | ३७६ | ५४६७६ | १०१२ | ८५० | ६९९२२ | ९७४ | ६ |
| ७७ | श्रद्धा | १७३९४ | ४८१६ | १५०९८० | | ५७६८० | २३०८७० | ३१८९८ | ६६४ | १८२२४३ | ३७३८ | १२३२७ | २३०८७० | २२९३ | ९ |
| ७८ | नवदूर्गा | ३४२८ | १०९७ | ३५९४९ | | १३२५ | ४१८०० | १६३५६ | १२७ | २४२३५ | ४९ | १०३२ | ४१८०० | ५५६ | ४ |
| ७९ | न्हुगु भीगु | १४३४६ | १७३५ | १२२३४८ | | ६१२५ | १४४५५४ | १४५० | ४३४४ | ११७५१८ | २११९३ | ५० | १४४५५४ | ६१३ | ४ |
| ८० | न्हुज | ७९४५ | ३१६३ | ४३७११ | | २९५२ | ५७७७० | २००८३ | १९५ | ३४९१९ | १६१९ | ९५५ | ५७७७० | ५७५ | ५ |
| | जम्मा | १७९७७७३ | १८९५१०४ | २०६१९१४७ | ६१२७२ | ९०३६३२ | २५२७६९२७ | ६७७७०६९ | ५६८८७५ | १६७३४२४५ | ६२३१३५ | ५७३६०४ | २५२७६९२७ | १४४८९२ | ५३१ |

## मध्यपुर थिमि नगरपालिका

| क्र.सं. | संस्थाको नाम | शेयर पुंजी | जगेडा/अन्य कोष | निक्षेप | बाह्य ऋण | भुक्तानी दिनुपर्ने | कुल पुंजी/दायि | नगद/बैंक मौज्दात | स्थिर सम्पत्ती | ऋण लगानी | शेयर/बचत | पाउनुपर्ने हिसाब | कुल सम्पति | सदस्य संख्या | कर्मचारी संख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | उपकार | ८८४७२ | ११६०१४ | ११०२२४९ | | ९२७६ | १३१६०११ | ६६६९१० | १२३०७ | ६०९७०७ | ४९२० | २२१६८ | १३१६०११ | ६२९७ | ९ |
| २ | श्रीअरनिको नमुना | १८४०५१ | १४०५१९ | १०२२०३८ | | २४५४६ | १३७११५५ | २६७४३५ | ३१८९४ | ८८४८६३ | १७२०५१ | १४९१२ | १३७११५५ | ३२५४ | २२ |
| ३ | बालकूमारी | १३७६७४ | १२५०३९ | १९९२१५४ | | ८५७५ | २२६३४४३ | ५३७२९२ | ६३६२६ | १३८०४९४ | २२६१८९ | ५५८४२ | २२६३४४३ | ५९५४ | १५ |
| ४ | नीलबारही | १६०७० | २२१७२ | १२१३९१ | | ७४३० | १६७०६२ | २१२७४ | ४४७२ | १००३४७ | १३३९ | ३९६३१ | १६७०६२ | ९८३ | ३ |
| ५ | श्रीमहालक्ष्मी | ८७९८४ | १५५४३१ | ८३८७०२ | | ३२४३४ | १११४५५१ | ७२८८५ | ५०९८ | ५३३९२० | ४६०४७४ | ४२१७४ | १११४५५१ | २०२२ | ८ |
| ६ | सहयोगी | ५१९७ | ९१०९ | ७५३०२ | | ५०६ | ९०११५ | ६८४४ | ४२४९ | ६५७८७ | ५४१ | १२६९४ | ९०११५ | ३२० | ३ |
| ७ | शिक्षाविकास | ७८८२ | ७५३४ | ६८०१६ | | १३४८ | ८४७७९ | २६१७३ | २४३ | ५५१७४ | ९४२ | २२४७ | ८४७७९ | ५२५ | ३ |
| ८ | मध्यपूर | १९८९३ | ११०२२ | १४६६१९ | | ८८८७ | १८६४२२ | २३५५५ | १४० | १४१४०३ | १५२५० | ६०७३ | १८६४२२ | ७८४ | २ |
| ९ | थिमी स्वाबलम्बन | ६१४३२ | ७३३५२ | ६३१७२५ | | ११२४ | ७६७६३४ | ३६४७१२ | ४४३८ | ३९०६५८ | २३७२ | ५४५५ | ७६७६३४ | २५४१ | ७ |
| १० | कोपिला | ६८२१ | १८८२९ | १३४५५० | | ३७५० | १६३९५० | ६१२९० | ११६२६ | ८६९०८ | ३३२ | ३७९४ | १६३९५० | ६६० | ४ |
| ११ | लोकन्थली माता | २१४४० | २०२०७ | १८९४८४ | | ६३९ | २३१७७० | ४९१४७ | ४४२ | १५९४५१ | २०३३५ | २३९४ | २३१७७० | १३८४ | ६ |
| १२ | सुर्यमूखी | ३१०३ | ७४४ | ७६६८ | | २९८० | १४४९६ | १४८३ | ५० | ६८६२ | ७९ | ६०२२ | १४४९६ | २०५ | २ |
| १३ | कौशल्टार महिला | ५२९८ | ४०८१ | ३१६०९ | | ११५९ | ४२१४७ | १३४७१ | १८१ | २७६०८ | २५२ | ६३५ | ४२१४७ | ५६४ | ३ |
| १४ | नमूना | १६८६० | ८४७१ | ५९०६८ | | ९३० | ८५३२९ | ४१५६३ | ७६ | ४२७४० | १४६ | ८०४ | ८५३२९ | ४३८ | २ |
| १५ | श्री पाचोगणेश | १६७२३ | १५३७७ | ६८३४९ | | ९८९ | १०१४३८ | २६९८८ | ८३१३ | ६५७५२ | २४१ | १४४ | १०१४३८ | ८४८ | ३ |
| १६ | पवित्र हलेशी | ४९९९८ | २२१९९ | ३५९४७१ | | ३२८०७ | ४६४४७६ | ७४८३७ | १७११४ | ३७१९३० | | ५९४ | ४६४४७६ | ९९४ | ९ |
| १७ | थोपा | १५५१२ | १२१४६ | १६१७९८ | | १३९०१ | २०३३५६ | ६८९२६ | ९४१३ | ११०९११ | १२३ | १३९८४ | २०३३५६ | १०७६ | ६ |
| १८ | शंखधर | ४७१४४ | ४८३४७ | ४९८९०७ | | ९२५३ | ६०३६५१ | १०८३४५ | ३६४३३ | ३५७३२७ | ९३७३५ | ७८०९ | ६०३६५१ | ३३१५ | ९ |
| १९ | शुभश्री | ४७०७१ | २९२०१ | ३२४७७७ | | ८३४४ | ४०९३९३ | १६३९९६ | ६६९७ | १९७९५८ | ३०१० | ३७७३३ | ४०९३९३ | २६९० | ९ |
| २० | संगिनी महिला | १४२३७ | १२५४८ | १११४१३ | | ८०८९ | १४६२८७ | २१३५६ | १६६१२ | १०६२१० | २०४८ | ६१ | १४६२८७ | ९९४ | ३ |
| २१ | कलश | १४५१५ | ४९६५ | १०२७४५ | | २१७४ | १२४३९८ | ९८८५ | १६७ | ११२०५४ | ३३५ | १९५७ | १२४३९८ | ११४२ | ४ |
| २२ | एकता | ४६०३६ | २९४२३ | २६४१०३ | २४२५० | ३०६९९ | ३९४५११ | ४१०७२ | ७८१३ | ३२९४४२ | २५३ | १५९३० | ३९४५११ | १४५७ | ५ |
| २३ | विश्वास | २१६६० | १६९८३ | १७२४४० | | १३६४८ | २२४७३१ | २७८५२ | ५९० | ११८३९१ | ७२९५२ | ४९४६ | २२४७३१ | २२८३ | ८ |
| २४ | बाबा | ५३४९४ | २६८०८ | ३६९५९० | | २०५०७ | ४७०३९९ | ९२०२५ | २६३७३ | २४९५४९ | ९५३८५ | ७०६७ | ४७०३९९ | १५१४ | ६ |
| २५ | नृत्य गणेश | १८८२ | -४२१३ | १५९८० | | ५९३२ | १९५८१ | २५५६ | ५४ | ११८८८ | १५५ | ४९२७ | १९५८१ | ६३१ | ३ |
| २६ | दिब्यश्वरी | २५०२१ | १२४१८ | १८८५२६ | | १२९५३ | २३८९१८ | ८०२५२ | २७७ | १४४२२८ | १०१९ | १३१४३ | २३८९१८ | १८९९ | ५ |
| २७ | बजंगबाली | २८७७७ | २८३०६ | ३३४५७५ | | १७११४ | ४०८७७१ | १६३१२५ | १६८९१ | २२४२०२ | २७१० | १८४३ | ४०८७७१ | १२१४ | ७ |
| २८ | सिद्धार्थ | ३७७८३ | ११३६६ | ३७१३७९ | | ४५०२ | ४२५०३० | ८७९८८ | ४४१७५ | २२२५८४ | ६०१६७ | १०११६ | ४२५०३० | १६३४ | ७ |
| २९ | निरपुर गणेश | २९१६ | २५७ | १५४७८ | २१२४ | ३१३ | २१०८९ | ९७२ | १४६ | १२१६५ | २४१ | ७५६५ | २१०८९ | ६२४ | ३ |
| ३० | सिद्धेश्वर महिला | ८१९१ | २९६४ | ५२०२५ | | १५२४ | ६४७०४ | २२९६६ | ११६ | ३८५७६ | २४२२ | ६२४ | ६४७०४ | ७१८ | ४ |
| ३१ | नवआर्दश | २१६९८ | १२४७८ | १७८०४८ | | ४१२९ | २१६३५३ | ४३३१६ | ५१५ | १७०७९१ | ५१६ | १२१५ | २१६३५३ | १९६१ | ८ |
| ३२ | नारी एकता | २२८ | १७० | ६७६ | | १६ | १०९१ | ७९ | ५ | ७४७ | २१९ | ४० | १०९१ | ७० | १ |
| ३३ | थिबोदिन | २१६३ | ९३१ | २६१११ | | २३५६ | ३१५६० | ११७३८ | २५ | १५७४९ | ४१९ | ३६२८ | ३१५६० | ४०८ | |
| ३४ | सिद्धिकाली | ९६०८ | १२४९७ | १४६१४४ | | १८८३ | १७०१३२ | ४२८०८ | ४३०४ | ११३१३१ | ६१४० | ३७५० | १७०१३२ | ६७४ | ३ |

## संघमा प्राप्त १९४ सदस्य संस्थाहरुको आ.व. २०८१/०८२ असार मसान्तसम्मको स्थिति विवरण र सदस्य तथा कर्मचारी विवरण

(रू. हजारमा)

| क्र.सं. | संस्थाको नाम | शेयर पुँजी | जगेडा/अन्य कोष | निक्षेप | बाह्य ऋण | भुक्तानी दिनुपर्ने | कुल पुँजी/दायि | नगद/बैंक मौज्दात | स्थिर सम्पत्ती | ऋण लगानी | शेयर/बचत | पाउनुपर्ने हिसाब | कुल सम्पति | सदस्य संख्या | कर्मचारी संख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३५ | कार्यविनायक | १६५४० | ८५०१ | १५७८८९ | | ८९८८ | १९१९१७ | २९७९७ | १४३ | १५४८४६ | ६३५८ | ७७४ | १९१९१७ | १४१२ | ३ |
| ३६ | द्रव्य | ३३६५३ | १९७११ | २४८५७१ | | ७८१८ | ३०९७५३ | ११४३५९ | २०६ | १६६५७० | २४६५६ | ३९६३ | ३०९७५३ | १०५७ | ५ |
| ३७ | दक्षिणकाली महिला | १०९१५ | १३४५४ | ७६७१६ | | ७५७ | १०१८४३ | ३१०२१ | १२८५१ | ५३९४६ | २८०१ | १२२५ | १०१८४३ | १२४१ | ४ |
| ३८ | मध्यपुर थिमि | १४७०१ | ६५७२ | १५४५५१ | १४२३४ | ४५२१ | १९४५८० | १२५४६ | ५६२ | १७९६७० | ७८७ | १०१५ | १९४५८० | १२१२ | ५ |
| ३९ | जय श्री कृष्ण | ४३७० | २३४३ | ३०२२४ | | ३२११ | ४०१४७ | ११८०५ | १८ | २७७५७ | ७१ | ४९६ | ४०१४७ | ४२८ | २ |
| ४० | ओश्ला | २७५८४ | ११५८० | २०७१८७ | | ४८३७ | २५११८८ | ६३०८५ | ४०३३१ | १४३२९२ | १९२८ | २५५२ | २५११८८ | १९८९ | ८ |
| ४१ | सून्दर | ९६५५ | १५६३ | २३४७७ | | ९५४ | ३५६४९ | ८६३५ | ९१ | १९२७२ | २८२ | ७३७० | ३५६४९ | ३२२ | ३ |
| ४२ | जनकल्याण | १४८०२ | ३७१२ | ४१७६९ | | ३०५ | ६०५८८ | १२३१० | ५५३ | ४५०१८ | ११२ | २५९५ | ६०५८८ | ६२० | ६ |
| ४३ | विश्वविनायक | ७६३१ | ११६०० | ८८५८० | | २१५४ | १०९९६५ | २२७२३ | १८७ | ५५५०८ | ३०६९६ | ८५० | १०९९६५ | ८५२ | ५ |
| ४४ | माछापूच्छे | १२०२० | १०३७० | १००६७० | | १२३६ | १२४२९५ | ३८२६१ | ३६५ | ७३८६३ | १०८६० | ९४६ | १२४२९५ | ११४१ | ५ |
| ४५ | भिमसेन | १०४२६ | ५९५४ | ७५५४९ | | ३११ | ९२२३९ | ४५७९९ | १६८ | ४४८४१ | ९५३ | ४७८ | ९२२३९ | ६८० | ४ |
| ४६ | सप्तकौशिका | २१६६४ | ३७९७ | ९८८१५ | | ४९१७ | १२९१९३ | २६७५२ | ८२ | ८४३७४ | ७२ | १७९१३ | १२९१९३ | १७७९ | ५ |
| ४७ | चामूण्डा | १९८२४ | ९५०९ | १५६१६८ | | ११४३९ | १९६९४० | ७८११५ | ११४ | १०७०५० | १८२ | ११४७९ | १९६९४० | १०३७ | ५ |
| ४८ | हितकारी | १७०५ | ७६९ | २०७२५ | | ८०८ | २४००७ | ४७०५ | १८ | १५२८९ | ३०५१ | ९४५ | २४००७ | २७९ | ४ |
| ४९ | सजिलो | १६७६५ | ८७१४ | २००४७५ | | ६३०४ | २३२२५८ | २२८१३ | १९२३ | १४५०४९ | ५०६०९ | ११८६४ | २३२२५८ | १८८४ | ७ |
| ५० | आर्जन | १६८७२ | १०३२९ | ४३८४३ | | ५५९ | ७१६०३ | १७३२८ | ७२६६ | ४६०९८ | ५९२ | ३१९ | ७१६०३ | ७२० | ४ |
| ५१ | सांझ्या | ६०७६ | -२१७ | ५८६९२ | | ६२३ | ६५१७४ | ११६०७ | २४४ | ५०१८८ | १०१ | ३०३४ | ६५१७४ | १९८३ | ५ |
| ५२ | कल्पबृक्ष | ११७३५ | ४९४ | २१५०० | ४९५० | २१३ | ३८८९२ | ७११३ | १४५ | ३०८५१ | ५३५ | २४८ | ३८८९२ | ४१६ | ३ |
| ५३ | शूभदिव्यश्वरी | ८७४१ | २८७१ | ७१४८७ | | ६२४ | ८३७२३ | २५६२७ | २९६ | ५६९५० | ७२० | १३० | ८३७२३ | ८५९ | ५ |
| ५४ | झरना | २०१६५ | ८७७३ | १११०४१ | | ४७३४ | १४४७१२ | ५३८०४ | १२१५८ | ७३५१८ | २३५ | ४९९७ | १४४७१२ | ९१७ | ४ |
| ५५ | परिर्वतन | १६४१२ | ५६४६ | ४९६४८ | | १८६ | ७१८९२ | २१३०३ | १०२ | ५०४३० | १२ | ४५ | ७१८९२ | ६१२ | ३ |
| ५६ | भुलाखेंल | २८९४३ | ११४४८ | ३५७१६५ | | १९१७ | ३९९४७२ | १००५९७ | २१०७६ | २७४३१५ | १६५ | ३३१९ | ३९९४७२ | १७३६ | ८ |
| ५७ | सहयोगी बालकूमारी | १८७१६ | ६९९९ | २१८४८० | | १४७ | २४४३४२ | ७६४५० | ८११२ | १५५५०१ | २३९ | ४०४० | २४४३४२ | १७४७ | ६ |
| ५८ | सारथी | ९५७१ | | ४१५४८ | | ५०४५ | ५६१६४ | ७०१० | ८६५ | ४४५५१ | २८७ | ३४५२ | ५६१६४ | ७८५ | ५ |
| | जम्मा | १४८६३१९ | ११७२१९१ | १२८३७८८० | ४५५५९ | ३६७३२३ | १५९०९२७१ | ४०८८६८२ | ४४२७४९ | ९५५८२५१ | १३८३६१६ | ४३५९७२ | १५९०९२७१ | ७७७८५ | ३०६ |
| | **सूर्यविनायक नगरपालिका** | | | | | | | | | | | | | | |
| १ | शूभकामना | ११६१२१ | १९२५०१ | १४०९८२२ | | ७०१२४ | १७८८५६७ | ५६२१२८ | ३६५१५ | १०५८९५६ | ११३०१४ | १७९५५ | १७८८५६७ | ९८६७ | २३ |
| २ | नवज्योति | १०३२४ | ८८९७ | ६७६१८ | | ३०५४ | ८९८९४ | २३१२९ | ८५०९ | ५४९०६ | १०२३ | २३२७ | ८९८९४ | ८७८ | ३ |
| ३ | चमेलीकल्याणकारी | ६५५१० | ११६५१४ | ७७६५७७ | | १००८५ | ९६८६८७ | २७८१२० | १०५६४ | ६७७५४८ | १३९१ | १०६५ | ९६८६८७ | ५१४३ | १३ |
| ४ | शूभेच्छा | १००७३ | १४६९३ | ८०५५९ | | २१३२ | १०७४५६ | १९०५५ | ३२२९ | ६७८१५ | १६०९१ | १२६७ | १०७४५६ | १७१९ | ५ |
| ५ | श्रमिक | १९१९१ | १८२६३ | १४८०८७ | | ७८५३१ | २६४०७२ | ४१३०७ | २२५०१ | १८०९१६ | ८८५ | १८४६३ | २६४०७२ | २६८४ | ११ |
| ६ | महिला अभियान | १०६५८ | १०८९६ | १०३१७० | | ३७२३ | १२८४४७ | ३६५९६ | २८३ | ७१८५५ | १४६६३ | ५०५० | १२८४४७ | १३७४ | ५ |
| ७ | सिमल | ३२४०७ | २९७५७ | ४०४७९१ | | १९००९ | ४८५९६४ | ५९०१५ | २८२९५ | ३२६७१९ | ६०३२१ | ११६१४ | ४८५९६४ | २६७८ | ८ |
| ८ | सुवर्णपूर | १५५६९ | १६३३३ | १५६२४४ | ६६६ | १०३९ | १८९८५२ | ६०१५१ | ५८४४ | १२००७१ | ३०५५ | ७३० | १८९८५२ | १९६५ | ६ |
| ९ | नन्दीकेश्वर | ९२०२ | ८७९५ | ८६७६६ | १५००० | ८७२ | १२०६३४ | २२७७४ | १०८२४ | ८२८९६ | ३३९१ | ७५० | १२०६३४ | ११३४ | ३ |
| १० | नंखेल | २००२ | ४१० | ११३८४ | | ११८२ | १४९७८ | ४५६१ | २७ | ५५३७ | ३९७६ | ८७८ | १४९७८ | ३४४ | २ |
| ११ | सर्वश्री | १८१०० | ६०५० | १०१४४५ | ३५०० | २१३१ | १३१२२६ | १६४०० | ३६२५ | १०१३२० | ३३५ | ९५४६ | १३१२२६ | २२१८ | ६ |
| १२ | भक्तपूर घरेलू | ६६४३ | २३५३ | ६०४८७ | | ३०८४ | ७२५६७ | १७९४६ | ३१४ | ५१६७४ | २९७ | २३३६ | ७२५६७ | ८६० | ५ |
| १३ | दक्षिणबाराही महिल | १६८०७ | १६५३४ | १०१३१९ | | १०६१५ | १४५२७४ | ३५३१६ | ११४१२ | ९४१६३ | १६९५ | २६८९ | १४५२७४ | १३२१ | ७ |
| १४ | मैत्रीय | ३३८०२ | १६८२४ | ३५५९४४ | | ६३५१३ | ४७००८३ | ८१०२८ | १४७२९ | ३७००५४ | १०६७ | ३२०५ | ४७००८३ | १५४१ | ९ |
| १५ | पाञ्चायन महिला | ८६५० | १७३२४ | ६६८३५ | | २१५ | ९३०२४ | ५६०५८ | १४६ | ३४७८७ | १७३७ | २९५ | ९३०२४ | ५५४ | ३ |
| १६ | जनता | ४०४६२ | २७७१३ | २७७१३१ | १३१०१ | १७२५० | ३७५६५७ | ९६८८० | ३४८९१ | २४११२७ | ७६७ | १९९२ | ३७५६५७ | ३३४२ | ९ |
| १७ | खल्पीटार | १४५१५ | ४९६५ | १०२७४५ | | २१७४ | १२४३९८ | ९८८५ | १६७ | ११२०५४ | ३३५ | १९५७ | १२४३९८ | ११४२ | ४ |
| १८ | तौडोलछाप | ११०१८ | ७७७६ | ९३८७६ | ४३०० | १०३०९ | १२७२७९ | २०००८ | १२५२४ | ९३९७० | ३२२ | ४५५ | १२७२७९ | ११४४ | ८ |
| १९ | चनामती | ४०५८ | १८९१ | २१७५५ | | १२९ | २७८३२ | ९०६३ | २४ | १८१३९ | ५३० | ७७ | २७८३२ | ७३२ | ३ |
| २० | त्रिवेणश्वर | ८१३५ | ११३०६ | ७३३४७ | | १९१८ | ९४७०६ | २३२५० | ८१९२ | ६१७६४ | ६९२ | ८०७ | ९४७०६ | ८१० | ३ |
| २१ | ऋद्धिसिद्धि | १३१६७ | ९१४५ | ११५३३९ | | १५९५ | १३९२४६ | २१७५५ | २४० | ९५६८२ | २१४४२ | १२७ | १३९२४६ | १९८४ | ७ |
| २२ | श्रीनारायण | ५१८०३ | ५३६५९ | ४३६२९५ | | ४३३० | ५४६०८६ | ११४३६३ | १०४२१ | ४१६८४० | २०३५ | २४२८ | ५४६०८६ | २४६५ | ९ |
| २३ | सिपाडोल | ९२९९ | ८३१४ | ६२०९१ | | १४३९ | ८११४३ | ३२१२४ | ८४४९ | ३९९२६ | २९५ | ३४९ | ८११४३ | १५५७ | ३ |
| २४ | हिन्चोकभैरब | १४८०८ | १२५४० | १०८२३० | | १०१९ | १३६५९६ | २३०७५ | २४१८ | ११०९०६ | १८७ | १० | १३६५९६ | १०३९ | ५ |
| २५ | बंगलामूखी | १४३८३१ | ६५२२८ | ११६०४११ | | ४०६८ | १३७३५३९ | २७६२७८ | २०९४५ | १०६२३४२ | ७८५० | ६१२४ | १३७३५३९ | ३६४४ | १९ |
| २६ | बालकोट | ३३६७३ | ७१८३३ | ५५६१६४ | | ७२७१ | ६६८९४१ | ६२२५७ | ३३८६९ | ५६८६०८ | २६४३ | १५६५ | ६६८९४१ | ४०२४ | १० |
| २७ | कामधेनू | ४५२९ | ४६४४ | ५७२६३ | | ५५८६ | ७२०२२ | ८९५९ | २३० | ५८५९९ | ४३३ | ३८०२ | ७२०२२ | ८६२ | ५ |
| २८ | श्रीविनायक | ४७५७ | १९४८ | १२८९७ | | १८६४ | २१४६७ | ५०४७ | ११६ | १४२९६ | ११३० | ८७८ | २१४६७ | १९७ | २ |
| २९ | छहारी | २८६८० | १४५१७ | २७३०२२ | ६७६९८ | १७६७७ | ४०१५९३ | ३४७९० | १५७०६ | ३४८५१४ | १७६५ | ८१८ | ४०१५९३ | २८४९ | १० |
| ३० | आपसिमेलमिलाप | १६५४० | १७१०९ | १९९२८७ | | ५८५ | २३३५२१ | ७४५५४ | १४५ | १५८५१९ | ८७ | २१६ | २३३५२१ | १६०८ | ७ |
| ३१ | चौतारी | ५१७८ | ८५५४ | २७६०० | | ४५५४ | ४५८८६ | ७५७७ | १२२ | ३४८१४ | ६६४ | २७०९ | ४५८८६ | ७३८ | ३ |
| ३२ | घरपरिवार | २२०१६ | १७४९० | ११३३९० | | ७९४८ | १६०८४५ | २८८१० | ८४९१ | १२२३९४ | ४६५ | ६८५ | १६०८४५ | २१४२ | ७ |
| ३३ | गाम्चा | ३४१७७ | १५३५९ | २०६३३१ | १५०६५० | ४२४५ | ४१०७६२ | २४०१० | ९३७११ | २८७२१४ | १४३८ | ४३८९ | ४१०७६२ | ३४२२ | ८ |
| ३४ | चमेरो | २४८९१ | २४०८२ | ३६५४५८ | १९४२४ | ५८४८ | ४३९७०२ | ६४४२० | २८६५३ | ३२८६२० | १७१४७ | ८६२ | ४३९७०२ | २५६८ | ११ |
| ३५ | अमरज्योति | २२७८५ | ३०८९७ | २१९६६१ | | ११५६२ | २८४९०५ | ९०६०१ | १००८५ | १५१५७२ | १७२९ | ३०९१७ | २८४९०५ | ३३३५ | ८ |
| ३६ | भविश्य | ११८५६ | १०१७६ | ५८१६६ | | ४२५३ | ८४४५१ | १०८८१ | १३२ | ६५०११ | ७७६० | ६६७ | ८४४५१ | ८६४ | ४ |
| ३७ | पारिजात | ११०४०४ | १३२६१९ | ८२१६२२ | | ५१६९ | १०६९८१४ | १४७३९६ | ३५१९३ | ८१३७३३ | ३७६९० | ३५८०२ | १०६९८१४ | २७४० | ८ |
| ३८ | सृजना | २०७६८ | २००७४ | १४४०४० | | १९२२ | १८६८०४ | ६५२१० | २२९ | १२००४२ | १४७ | ११७७ | १८६८०४ | २०७५ | ८ |
| | जम्मा | १०२६४०७ | १०४७९८३ | ९४३७१६६ | २७४३३८ | ३९२०२६ | १२१७७९२० | २५६४७७२ | ४८१७६९ | ८६२३९०४ | ३३०४९५ | १७६९८२ | १२१७७९२० | ७९५६३ | २७० |
| | कुल जम्मा | ४६३०३९८ | ४४५११६६ | ४६१४५४४५ | ४१८०८५ | १७४८३२९ | ५७३९३४२२ | १४१४८३०६ | १५९२९९० | ३८०४७५९० | २३५९९८१ | १२४४५५५ | ५७३९३४२२ | ३३५४९९ | १२०८ |

### सारांश:

| | | | |
|---|---|---|---|
| शेयर पूँजी | : ४ अर्ब ६३ करोड ३ लाख ९८ हजार | तरलता | : १४ अर्ब १४ करोड ८३ लाख ६ हजार |
| जगेडा/अन्य कोष | : ४ अर्ब ४५ करोड ५४ लाख ४५ हजार | ऋण लगानी | : ३८ अर्ब ४ करोड ७५ लाख ९० हजार |
| निक्षेप | : ४६ अर्ब १४ करोड ५४ लाख ४५ हजार | कुल सदस्य संख्या | : ३ लाख ३५ हजार ४ सय ९९ जना |
| कुल वासलात | : ५७ अर्ब ३९ करोड ३४ लाख २२ हजार | कर्मचारी संख्या | : १ हजार २ सय ८ जना |

## प्राधिकरणमा दर्ता अभिलेखिकरणका लागि संघबाट सहजीकरण




२०८२ मंसिर २२ गते । राष्ट्रिय सहकारी नियमन प्राधिकरणमा दर्ता अभिलेखिकरण सम्बन्धी अभिमुखिकरण कार्यक्रम भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि. को आयोजनामा भक्तपुर बैंक्वेटमा सम्पन्न भयो । संघका अध्यक्ष हरिकृष्ण बल्लले मापदण्ड आउँदैमा थाहा छैन भन्न मिल्दैन किनभने कानून सबैलाई लाग्छ भन्नुभयो । राष्ट्रिय सहकारी नियमन प्राधिकरणमा संस्था दर्ता नभएमा दृष्टि बन्धक रोक्का, कर चुक्ता, कारोबार रोक्का, लेखा परिक्षण रोक्का, ठगी कार्वाहिदेखि संस्थाको दर्ता खारेज समेत हुन सक्ने बताउनु भयो । तसर्थ सो अवस्था आउन नदिन संघले दर्ता अभिलेखिकरण कार्यमा सदस्य संस्थाहरुलाई सहजीकरण गर्ने बताउनुभयो ।

राष्ट्रिय सहकारी नियमन प्राधिकरणका सहकारी विज्ञ सदस्य डा. रमेश चौलागाईले सहकारी संस्था नियमन र अनुगमन गर्न दर्ता गर्नुपर्ने जसले गर्दा जोखिम न्यूनिकरण गर्न सकिने बताउनुभयो । सहकारीमा विकृति न्यूनिकरण गरेर जोखिम घटाउन सहकारी संस्था स्थानिय तह, प्रदेश र संघीयमा दर्ता गरेका सबै संस्थाहरु राष्ट्रिय सहकारी नियमन प्राधिकरणमा दर्ता गरेर प्रमाणपत्र लिनुपर्ने जानकारी दिनुभयो । भविष्यमा जोखिम घटाउन र अभियानलाई जोगाउन प्राधिकरणले समय समयमा छुट्टै मापदण्ड ल्याउने बताउनुभयो र समस्याग्रस्त हुनबाट जोगिने कुरा राख्नुभयो । उहाँले राष्ट्रिय सहकारी नियमन प्राधिकरणमा समयमा नै दर्ता गरेर प्रमाणपत्र लिन र नविकरण हरेक वर्ष गर्नुपर्ने कुरा बताउनुभयो ।

भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि. का निवर्तमान अध्यक्ष कृष्णगोविन्द लाखाजुले सहकारी अभियान बचाउन राष्ट्रिय सहकारी नियमन प्राधिकरणले भूमिका निभाउनु पर्ने कुरा पनि राख्नुभयो । सहकारी संघले ऋण दिन पाउने, संस्थामा अनुगमन गर्ने, वित्तीय दायित्व पूरा नगरेमात्र समस्याग्रस्त घोषणा गर्नुपर्ने कुरा भन्नुभयो । संघलाई छुट्टै मापदण्ड बनाउने र संघको वर्गिकरण राष्ट्रिय सहकारी नियमन प्राधिकरणले गरेर संघलाई जीवित राख्नुपर्ने भन्नुभयो । राष्ट्रिय सहकारी नियमन प्राधिकरणमा दर्ता गर्ने क्रममा कम्पनीमा लगानी गरेको छ कि छैन र उत्कृष्ट १०० जना जम्मा गर्ने व्यक्ति, ऋणी र शेयरधनीहरु समेत रेकर्ड राख्नुपर्ने पनि बताउनुभयो ।

भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि. का कोषाध्यक्ष कृष्णश्वरी मचामसीले स्वागत मन्तव्य दिँदै राष्ट्रिय सहकारी नियमन प्राधिकरणमा दर्ता गरेर संस्थालाई सहज हुनुपर्ने र जोखिम न्युनीकरण गर्न मद्दत गर्नुपर्ने बताउनुभयो ।

संघका प्रमुख कार्यकारी अधिकृत बालकृष्ण धोजूले राष्ट्रिय सहकारी नियमन प्राधिकरणमा दर्ता अभिलेखिकरण गर्नुपर्ने आवश्यक जानकारी प्रस्तुती मार्फत गर्नुभयो । प्राधिकरणमा समयमै दर्ता अभिलेखिकरण गर्न अनुरोध गर्दै संघबाट नि:शुल्क सहजीकरण गरिदिने कुरा उहाँले बताउनुभयो ।

भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.का उपाध्यक्ष कान्छाभक्त घजुले कार्यक्रम सञ्चालन गर्नुभयो र कार्यक्रममा २५३ जनाको सहभागीता रहेको थियो ।

## नेतृत्व पूर्वको सक्षमता ................

योग्य र उपयुक्त परिक्षणको विधि स्थापित गर्नुपर्ने विचार राख्नु भयो । सहकारीका सबै सदस्यले नेतृत्व चयन हुने वातावरण सिर्जना गर्न यस्ता तालिमले नेतृत्व क्षमता बृद्धि विकास गर्नमा टेवा पुऱ्याउने उहाँको भनाई थियो । साथै वहाँले राष्ट्रिय सहकारी नियमन प्राधिकरणमा समयमै दर्ता अभिलेखिकरण गर्न अनुरोध गर्दै दर्ता अभिलेखिकरणमा समस्या भएमा संघमा सम्पर्क गरेमा सहजीकरण समेत गरिदिने बताउनु भयो ।

कार्यक्रममा सहभागीको तर्फबाट भक्तपुर बचत तथा ऋण सहकारी संस्था लि.का नारायणी खोंजू र अमरज्योति बचत तथा ऋण सहकारी संस्था लि.का शेखर भट्टराईले सहभागिता मन्तव्य राख्नु भयो । तालिम व्यवस्थापन उपसमितिका सदस्य भिमसेन श्रेष्ठको स्वागत रहेको सो तालिममा बागमती प्रोस्कूनका कार्यक्रम अधिकृत विमला पुडासैनी, संघमा आवद्ध सदस्य संस्थाहरु, संघका पदाधिकारी एवम् कर्मचारीहरु समेत गरी ६३ जनाको सहभागीता रहेको थियो । उक्त कार्यक्रम संचालन संघका वित्त तथा प्रशासन अधिकृत कृष्णश्वरी ह्यौमिखाले गर्नुभएको थियो ।

## संघको २१ औ बार्षिक ................

पेश गरेका आ.व.२०८१/०८२ को वासलात रु. तीन अर्ब बाह्र करोड, आय रु. एक करोड सात लाखसहितको आर्थिक प्रगति प्रतिवेदन र आ.व.२०८२/०८३ को वासलात रु तीन अर्ब पन्ध्र करोडको अनुमानित बजेट सभाले पारित गरेको थियो ।

लेखा सुपरिवेक्षण समितिका संयोजक बालमुकुन्द उपाध्यायले आ.व. २०८१/०८२ को लेखा सुपरिवेक्षण प्रतिवेदन पेश गर्दै मौजुदा सहकारी ऐन, कानुन र निर्देशनका आधारमा संघको कारोबारलाई सिमिततामा ल्याउँदा अझ घट्ने भएकोले संघ सबलिकरणका कार्यक्रम तथा योजना ल्याउनु पर्ने विचार राख्नु भयो । सभाले शेयर लाभांष कोषबाट ४.६ प्रतिशत लाभांष प्रदान गर्ने प्रस्ताव पारित गरेको थियो । साथै सहकारी ऐन नियमावली अनुसार संरक्षित पुँजी फिर्ता कोष फिर्ता गर्ने प्रस्ताव समेत पारित गरेको थियो ।

संघको सो साधारणबाट अध्यक्ष हरिकृष्ण बल्लको नेतृत्वमा ९ सदस्यीय संचालक समिति र लेखा सुपरिवेक्षण समिति संयोजक दामोदर न्यौपानेको नेतृत्वमा तीन सदस्यीय लेखा सुपरिवेक्षण समिति चयन गरेको थियो । उक्त सभामा २०३ सदस्य संस्था मध्येबाट १७७ जना प्रतिनिधिको उपस्थिति रहेको थियो ।

# अनुपालना अधिकारीको क्षमता विकास तालिम




भक्तपुर, २०८२ माघ २३ गते । संघको शिक्षा तथा संस्थागत विकास उपसमितिको आयोजना र नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ लि. को प्राविधिक सहयोगमा एक दिने अनुपालना अधिकारीको क्षमता विकास तालिम रोयल थाई हस्पिटालिटी, राधेराधेमा सम्पन्न भयो ।

तालिम समापन कार्यक्रममा संघका अध्यक्ष हरिकृष्ण बल्लले सहकारीलाई जारी निर्देशनहरुको कार्यान्वयन तहसम्म पुग्न र पुऱ्याउन सहकारी अभियान र नियामक निकायमिलेर अघि बढ्नुको बिकल्प नभएको बताउनु भयो । सहकारीले गरेका सकारात्मक परिवर्तनलाई संस्थागत गरी सहकारी योगदानको लेखा जोखामा कमजोरीका कारण सहकारी प्रति गलत सन्देश फैलिरहेको बताउनु भयो । उहाँले सहकारी संस्थामा ऐन, कानुन, विनियमको परिपालनालाई भन्दा पनि व्यवहारलाई प्राथमिकता दिँदा समस्या बढेको बताउनु भयो । उहाँले बचत तथा ऋणको मुख्य कारोवार गर्ने सहकारी संस्थाहरु राष्ट्रिय सहकारी नियमन प्राधिकरणमा दर्ता अभिलेखीकरण समयमै गर्न र सम्पत्ती शुद्धीकरण निवारणका व्यवस्थाहरु प्रभावकारी ढंगबाट पालना गर्न समेत अनुरोध गर्नुभयो ।

संघका सचिव कान्छाभक्त घजुले सहभागीहरुलाई धन्यवाद दिदैं सहकारी अभियानको दिगो विकासका लागि सहकारी मैत्री ऐन नियमको पारिपालना गर्नुपर्ने उहाँको भनाइथियो ।

संघका प्रमुख कार्यकारी अधिकृत बालकृष्ण धोंजूले कार्यान्वयन अधिकारीलाई कार्यान्वयन अधिकारीको मात्र कार्य विवरण नदिईकन समग्र सहकारीकै कार्य विवरण समेटिँदा कार्यान्वयन अधिकारीको कार्य ओभ्रेलमा पर्न गएको उहाँको भनाई थियो । नेपाललाई ग्रे लिष्टबाट अपग्रेड गर्नको लागि सरकारले विभिन्न नीतिहरु अवलम्बन गर्दै आएको छ र त्यसको लागि हामीले पनि आफ्नो दायित्व पुरा गरी सहयोग गर्नु पर्ने विचार राख्नु भयो । उहाँले सहकारीमा अनुपालना अधिकारीले मात्र सम्पत्ति शुद्धीकरण निवारणको बारेमा सुसूचित भएर पुग्दैन सहकारीका संचालक र सदस्यले पनि यस विषयमा तालिम लिनुपर्ने कुरा राख्नुभयो ।

नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ लि. को कार्यक्रम अधिकृत शौभाग्य भट्टराईले सहजीकरण गर्नु भएको उक्त तालिममा संघमा आवद्ध संस्थाहरुबाट ४७ जना अनुपालना अधिकारीहरुको सहभागिता रहेको थियो । कार्यक्रममा उपसमितिका सदस्य प्रकाश बास्तोलाले सञ्चालन गर्नु भएको थियो । सदस्य संस्था जनकल्याण बचत तथा ऋण सहकारी संस्थाका व्यवस्थापक अर्जुन कुमार बस्नेत र चमेली कल्याणकारी बचत तथा ऋण सहकारी संस्था लि.का कर्मचारी यमुना फुँयालले अनुपालक अधिकारीहरुको काम, कर्तव्य र अधिकारका साथै GoAml को प्रयोगात्मक प्रशिक्षण समेत भएकोमा खुशी व्यक्त गर्नु भयो ।

# जिल्ला बचत संघहरूको राष्ट्रिय भेला




२०८२ पौष २ गते, काठमाण्डौं । जिल्ला बचत तथा ऋण सहकारी संघहरुको राष्ट्रिय भेलाका प्रमुख अतिथि राष्ट्रिय सहकारी नियमन प्राधिकरणका अध्यक्ष डा.खगराज शर्माले संघहरु सिध्याउने मनसाय प्राधिकरणको होइन र गर्दैन पनि संघहरुलाई हामी दर्ता अभिलेखिकरण गर्ने चरणमा लागीरहेका छौ र सहकारीमा आएको समस्या समाधान गर्नका लागि राज्यको मात्र भुमिका नभई अभियानले पनि लिनु पर्ने थियो तर देखिएन तेसको समीक्षा गरी राज्य र अभियान दुबै निकायले समन्वय गर्दै अगाडि जानु पर्नेमा जोड दिनु भयो । राष्ट्रिय सहकारी महासंघको सभाहलमा भएको राष्ट्रिय भेलाको सभापतित्व काठमाण्डौं जिल्ला बचत तथा ऋण सहकारी संघका अध्यक्ष दिपक पनेरुले गर्नु भएको थियो । कार्यक्रममा स्वागत मन्तव्य ललितपुर जिल्ला बचत तथा ऋण सहकारी संघका अध्यक्ष रामहरि बजगाँइबाट भएको उक्त कार्यक्रमा भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघका प्रमुख कार्यकारी अधिकृत बालकृष्ण धोजुबाट बचत संघहरुको भूमिका र जिम्मेवारी विषयक कार्यपत्र समेत प्रस्तुत गरिएको थियो ।

**भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि.**

**२०८२ पुष २९ गतेको वासलात**

रू. हजारमा

| विवरण | यस आ.व. को पौषसम्मको | गत आ.ब. |
|---|---|---|
| **दायित्व** | | |
| शेयर पुंजी | ८,४४,०९ | ८,४१,३८ |
| निक्षेप | २,८०,४८,८१ | २,९०,२३,९२ |
| जगेडा/अन्यकोष | २०,६५,०७ | १२,६७,०२ |
| अन्य दायित्व | १,३७,६३ | १,५७,९१ |
| कुल दायित्व जम्मा | ३,१०,९५,६० | ३,१२,९०,२३ |
| **सम्पत्ति** | | |
| ऋण लगानी | १८,५०,३६ | १९,८७,२३ |
| वित्तीय लगानी | २५२,००,२१ | १,३५,१९,४४ |
| चल सम्पत्ति | १८,५२ | १७,५९ |
| जग्गा तथा भवन | ३,४३,७५ | ३,४३,७५ |
| पाउनुपर्ने /मौज्दात | १०,८०,२३ | ९,१२,०७ |
| तरलता | २६,०२,५३ | १,४५,१०,१५ |
| कुल सम्पत्ति जम्मा | ३,१०,९५,६० | ३,१२,९०,२३ |



सम्पादन व्यवस्थापन: प्रकाशन उप-समिति, भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि. फोन: ६६१४३०५,६६१४६०५ थिमी सेवाकेन्द्र : ६६३०८६८ । Website: www.bhaktapurdcu.coop.np । मुद्रण: सन्राईज प्रिन्ट, सूर्यविनायक - ९८४१४१७०७०